# भोटेकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल

फोन नं : ०११-५९०४६८, ५९३४६७
इमेल: ito.bhotekoshimun@gmail.com


## सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धि सूचना

सूचना प्रकाशित मिति २०८१/०२/१५

यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोकको लागि आ.व. २०८०/०८१ को लागि तपसिलका पदमा कर्मचारी आवश्यक परेको र खुल्ला प्रतियोगिताद्वारा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन सरोकारवाला सबैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका र रीत नपुगि पेश भएका दरखास्त उपर कुनै कार्वाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

| क.स. | विज्ञापन नं. | पद | सेवा/समुह | तह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | १०-२०८०/०८१ | मेडिकल अधिकृत | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | आठौं | १ |
| २. | ११-२०८०/०८१ | स्टाफ नर्स | स्वास्थ्य/क.न. | पाचौं | १ |
| ४. | १२-२०८०/०८१ | ल्याव असिष्टेन्ट | स्वास्थ्य/मे.ल्या.ट. | चौथो | १ |
| ३. | १३-२०८०/०८१ | अ.हे.व. | स्वास्थ्य/हे.इ. | चौथो | २ |

१. दरखास्त फारामका साथ पेश गर्नु पर्ने अन्य कागजातहरु :
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रतिलिपी
- कार्य अनुभव भए सो को प्रतिलिपी
- तोकिएको दरखास्त दस्तुर तिरेको बैंक भौचर

२. शैक्षिक योग्यता :
नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको साथै नेपाल स्वास्थ्य नियमावली २०५५ को नियम १५ बमोजिम तोकिएको देहायको शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्ने छ ।
- मेडिकल अधिकृत : मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट एम.वी.वी.एस वा सो सरहको उपाधि प्राप्त भएको,
- स्टाफ नर्स : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको,
- अ.हे.व. : मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C तथा सि.एम.ए वा सो सरह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको,

३. ल्याव असिष्टेन्ट . : मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C तथा ल्याब असिष्टेन्टको कोर्ष उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको,

४. उम्मेदवारको उमेर हद : सहायकस्तर पदको हकमा १८ वर्ष र अधिकृत स्तरको हकमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष उमेर ननाघेको,

५. दरखास्त बुझाउने स्थान : गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खाता नं. २४१०१०१७५०००२८ नविल बैंक, तातोपानी शाखा, सिन्धुपाल्चोक

६. कार्य विवरण, सेवा सर्त तथा तलव सुविधा : नेपाल सरकारले तोके बमोजिम हुने

७. काम गर्नु पर्ने स्थान :
- भोटेकोशी गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरु

८. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

९. दरखास्त फाराम वुझाउने स्थान : भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय वा यस कार्यालयको Email ठेगाना ito.bhotekoshimun@gmail.com मा दरखास्त फाराम, बैंक भौचर र आवश्यक कागजातहरुको PDF बनाई तोकिएको समय भित्र Email गर्नु पर्ने छ ।

१०. परीक्षा सम्वन्धि जानकारी कार्यालयको वेव साइट/फेसवुक पेज र सूचना पाटीमा पछि प्रकाशन गरिनेछ ।

११. थप जानकारीको लागि : स्वास्थ्य शाखा ९८५१२३३०७४ वा सूचना प्रविधि शाखा ९८६७६८५७६२

१२. आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्द गर्ने सम्बन्धि सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

१३. लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउदा पेश गरेका कागजातहरुको सक्कल सहित उपस्थित हुनु पर्ने छ ।

नोट : दरखास्त फाराम गाउँ कार्यपालिकाको कार्यालय वा वेब साइट (www.bhotekoshimun.gov.np) वाट प्राप्त गर्न सकिने छ । साथै दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।

.....................................

प्रमुख प्रशासकीय अधिकृत